# पूर्वीय अर्थ चिन्तन र नेपाली भाषा शिक्षण

कमप्रसाद देवकोटा
Email: devkotakamprasad60@gmail.com

लेखसार

प्रस्तुत आलेख पूर्वीय अर्थ चिन्तन र नेपाली भाषा शिक्षण शीर्षकमा केन्द्रित रहेको छ । पूर्वीय अर्थ चिन्तनको प्रारम्भ कसरी भयो ? कुन कुन पक्षहरूले पूर्वीय अर्थ चिन्तनलाई समृद्ध तुल्याएका छन् ? ती चिन्तनहरूका मुख्य मान्यताहरू के के हुन् ? यसको चिन्तन परम्परा कसरी विकास भएको छ ?जस्ता प्राज्ञिक जिज्ञासाहरूको समाधानमा यस आलेखको औचित्यता प्रकट भएको छ । प्रस्तुत आलेखको उद्देश्य परिपूर्ति गर्नका लागि गुणात्मक अनुसन्धान विधिको अवलम्बन गरिएको छ । सामग्री सङ्कलन गर्न द्वितीयक स्रोतअन्तर्गत पुस्तकालय कार्यबाट यस अध्ययनसँग सम्बन्धित पूर्ववर्ती विद्वान्हरूले अध्ययन विश्लेषण गरेका सामग्रीहरूको उपयोग गरिएको छ । संस्कृत परम्परामा शब्दार्थ सम्बन्धका बारेमा भए गरेका दार्शनिक चिन्तनहरू वर्तमान भाषिक चिन्तनमा पनि उपयोगी रहेको र यसले नेपाली भाषा शिक्षणमा सकारात्मक प्रभाव पारेको निष्कर्ष यस आलेखको रहेको छ ।

***मुख्य शब्दावली:*** अव्याकृत वाणी, मूल अधिष्ठानचक्र, बुद्धिस्थ अवस्था, शब्दब्रह्म, तात्पर्य ज्ञान, भ्रमात्मक ज्ञान

**विषय प्रवेश**

संस्कृत विश्वका समृद्ध भाषाहरूमध्ये एक हो । संस्कृत भाषाबाट विकसित भाषिक दर्शनलाई पूर्वीय भाषिक दर्शनका रूपमा चिनिन्छ । पूर्वीय भाषिक चिन्तनको सुरूवात ऋग्वेदबाट भएको मानिन्छ । यजुर्वेज, सामवेद र अथर्ववेदमा पनि भाषाको चर्चा भएको देखिन्छ । यस परम्पराको आरम्भ वेदबाट सुरु भए पनि यसको विकास र समृद्धिमा उत्तरवैदिककालका ब्राह्मणग्रन्थ, आरण्यक, उपनिषदहरूको भूमिका पनि महत्वपूर्ण मानिन्छ । यास्करचित निघण्टु र निरुक्तमा पनि भाषासम्बन्धी गहिरो चिन्तन गरिएको पाइन्छ । शिक्षाग्रन्थहरू भाषिक ध्वनि, सुर, बलाघात, मात्रा आदिको बारेमा सिकाउने ग्रन्थहरू हुन् । प्रातिशाक्य र शिक्षाग्रन्थहरूमा विश्लेषण गर्दा मूलतः स्वर (उदात्त आदि सुर समेत), व्यञ्जन, अन्तःस्थ, ऊष्म वर्ण र तिनीहरूका भिन्नताका आधारहरू : बल, मात्रा, साम, सन्तान, अनुनासिकता, अक्षर, यम अभिनिधान, सन्धिस्वर आदिको विश्लेषण पाइन्छ । अहिले पनि यिनै पारिभाषिक शब्द र मान्यता स्वीकृत छन् (न्यौपाने, २०६९, पृ.२२) । वेदका मन्त्रहरूको उच्चारणलाई नियमबद्ध गरी उच्चारणमा एकरुपता कायम गर्न प्रातिशाक्य र शिक्षाग्रन्थहरूको रचना भएको देखिन्छ । प्रातिशाख्य र शिक्षाग्रन्थ भनेकै मूलतः ध्वनिविज्ञान हुन् (न्यौपाने, २०६७, पृ.३) । लौकिककालमा भाषालाई व्याकरणसँग जोडेर अध्ययन गर्ने परम्पराको विकास भएको पाइन्छ । संस्कृत परम्परामा अर्थबोध प्रक्रिया र वाक्यबोध प्रक्रियामा दार्शनिक चिन्तन भएको पाइन्छ । संस्कृत परम्परामा शब्द र अर्थको सम्बन्ध नित्य हुन्छ कि अनित्य हुन्छ भन्ने सम्बन्धमा लामो चिन्तन भएको छ । स्फोटदर्शन, बौद्धार्थ निरूपण, शाब्दबोध प्रक्रिया, शब्दार्थ सम्बन्ध, अपोहवाद अर्थचिन्तनअन्तर्गत

पर्दछन् । यी परम्पराहरूले नेपाली भाषा शिक्षणमा प्रभाव पारेका देखिन्छन् । भाषा शिक्षणअन्तर्गत पर्ने सुनाइ, बोलाइ, पढाइ, लेखाइ जस्ता सीपहरूमा विद्यार्थीहरूलाई कुशल बनाउनका लागि यी दार्शनिक पक्षहरूले प्रभाव पारिरहेका हुन्छन् । प्रस्तुत अध्ययन स्फोटदर्शन, बौद्धार्थ निरूपण, शाब्दबोध प्रक्रिया, शब्दार्थ सम्बन्ध, अपोहवाद, अभिहितान्वयवाद र अन्विताभिधानवाद जस्ता संस्कृत अर्थ चिन्तनसम्बन्धी दार्शनिक पक्षहरू तथा नेपाली भाषा शिक्षणमा यिनीहरूको प्रभावको खोजीमा सीमित छ ।

## आलेखको उद्देश्य

प्रस्तुत आलेख निम्न उद्देश्यहरूमा केन्द्रित रहेको छ :
(क) पूर्वीय अर्थ चिन्तनका दार्शनिक पक्षहरूको मूल्याङ्कन गर्नु र
(ख) पूर्वीय अर्थ चिन्तनका दार्शनिक पक्षहरूसँग नेपाली भाषा शिक्षणको सम्बन्धको खोजी गर्नु ।

## अध्ययन विधि

प्रस्तुत आलेख व्याख्यावादमा आधारित गुणात्मक अनुसन्धान ढाँचाबाट सम्पन्न गरिएको छ । अध्ययनका लागि आवश्यक तथ्यहरू द्वितीयक स्रोतअन्तर्गत प्रस्तुत आलेखको शीर्षकसँग सम्बद्ध विषयमा अध्ययन गरिएका पूर्ववर्ती विद्वान्हरूका सन्दर्भ पुस्तक, लेखरचनाहरूबाट सङ्कलन गरिएको छ । सङ्कलित तथ्यलाई पाठ विश्लेषण विधिबाट व्याख्या विश्लेषण गरी निष्कर्ष निकालिएको छ । पूर्ववर्ती विद्वान्हरूबाट अभिव्यक्त विभिन्न विचारहरूलाई तत्वमीमांसाका रूपमा स्वीकार गरिएको छ भने विद्वान्हरूका वैचारिक दृष्टिकोणहरू ज्ञानका स्रोतका रूपमा रहेका छन् । आलेखको निष्कर्षलाई मूल्य मीमांसाका रूपमा लिइएको छ । यस आलेखको दाबीलाई पुष्टि गर्नका लागि साक्ष्यका रूपमा विभिन्न पूर्ववर्ती विद्वान्हरूका विचारहरूसँग विमर्श गरिएको छ । यो आलेख एपिए शैली अवलम्बन गरी तयार गरिएको छ ।

## स्फोटदर्शन

भाषिक ध्वनिको उत्पत्तिसम्बन्धी वैदिककालदेखि चर्चा परिचर्चा हुँदै आएको छ । पूर्वीय वाङ्मयको आदि ग्रन्थ ऋग्वेदमा 'चत्वारी वाक् परिमिता' भनिएको छ । कतिपय विद्वान्हरूले चत्वारी वाक्लाई भाषाका चार अवस्थाहरूपरा, पश्यन्ती, मध्यमा र वैखरीको रूपमा अर्थ्याएका छन् (न्यौपाने र पराजुली, २०६९, पृ. १६) । परा अव्याकृत वाणी हो । यसको उत्पत्ति मेरुदण्डको सबैभन्दा तल्लो भाग मूल अधिष्ठान चक्रबाट हुन्छ । यसको व्याख्या गर्न कठिन हुन्छ । मूलाधार चक्रदेखि नाभिसम्म पुगेको वाणी पश्यन्ती हो । यसलाई साधकहरूले अनुभूति गर्न सक्छन् । यो केही मात्रामा प्रकाशमय छ ।
लोकव्यवहारदेखि टाढा रहेको यस भाषिक अवस्थालाई योगसाधकहरूले निरन्तरको साधना र अभ्यासबाट बोध गर्न सक्छन् । नाभिचक्रबाट हृदय (फोक्सो) सम्म पुगेको वाणीलाई मध्यमा भनिन्छ । यसको अनुभूति बौद्धिक क्षमताबाट मात्र गर्न सकिन्छ । ध्यान र जप गर्ने व्यक्तिले यसलाई आभाष गर्न सक्छन् । यो वाणी प्रकृति र प्रत्ययबाट प्रवाहित हुन्छ । फोक्सोबाट निस्केको ध्वनि कण्ठ, तालुलगायत विभिन्न अवयवहरूमा ठक्कर खाँदै निःसृत हुने भाषिक अवस्था वैखरी हो । आधुनिक भाषाविज्ञानले यसको मात्र विश्लेषण गरेको छ । लोकव्यवहारको निकट रहेको यस वाणीको अनुभव सबैले गर्न सक्छन् । यो भौतिक तथा मूर्त हुन्छ ।

परा, पश्यन्ती र मध्यमा भाषिक अभिव्यक्तिका आन्तरिक स्वरूप हुन् । यी भाषिक अभिव्यक्तिका रूपहरू अव्याकृत तथा अव्यक्त अवस्थामा रहने भएकाले त्यसको व्याख्या विश्लेषण गर्न सकिँदैन । प्रष्फुटित ध्वनि भनेको वैखरी हो । मध्यमा वाणीलाई स्फोटको मूल मानिन्छ । मध्यमा वाणी स्फोट हो भने वैखरी ध्वनि हो । स्फोट र ध्वनिका बीच कार्यकारणको सम्बन्ध रहेको छ । हृदस्थ स्फोटका कारणले भौतिक ध्वनि निःसृत हुन्छ । यसको अर्थ नाभिचक्रबाट हृदयसम्म पुगेको वाणीका कारणले वैखरी वाणी कार्यका रूपमा प्रकट हुन्छ । त्यसैगरी मध्यमा वाणीका कारणले वैखरी वाणी कार्यका रूपमा प्रकट हुन्छ । बोल्दा बुद्धिमा रहेको स्फोट ध्वनिको अभिव्यक्तिको कारण हुन्छ । सुन्दा श्रोताको बुद्धिमा रहेको स्फोट ग्रहणको कारण हुन्छ (बन्धु, २०७०, पृ. २४) । यसरी वक्ता र श्रोता दुबैले आ-आफ्नो बुद्धिको माध्यमबाट स्फोटको सुझ प्राप्त गर्छन् । बुद्धिस्थ अवस्थामा रहेको शब्द स्फोट हो भने त्यस शब्दमा निहित गुण ध्वनि हो । स्फोटबिना ध्वनि उत्पन्न हुन सक्दैन । ध्वनिलाई निकटता र दूरताले प्रभाव पार्दछ तर स्फोटलाई यसले कुनै प्रभाव पार्दैन । अर्थात् स्फोट समान रूपमा अनुभूत भइरहेको हुन्छ । महाभाष्यकार पतञ्जलीका अनुसार स्फोट एउटै हो, ध्वनिबाट भिन्नता हुन्छ (न्यौपाने, भण्डारी र न्यौपाने, २०६७, पृ. ८) । ध्वनि व्यक्तिविशेष, स्थानविशेष, कालविशेषबाट प्रभावित हुनसक्छ तर स्फोट सदैव स्थिर रहन्छ । वैयाकरणहरूका विचारमा 'आत्माले आत्मालाई आत्माद्वारा चिन्दछ' वाक्यमा एउटै आत्मा भिन्न भिन्न स्वरूपमा अभिव्यक्त भएजस्तै एउटै स्फोट ध्वनिका उपाधि भेदले भिन्न भिन्न देखिएको मात्र हो, यो त अतीन्द्रिय हुन्छ (न्यौपाने र पराजुली, २०६९, पृ. ११३) । स्फोट अव्यक्त चेतन तत्त्व हो, ध्वनि उच्चारणको कारण हो । स्फोट निरवयव तथा अखण्ड हुन्छ । प्राकृत र वैकृत गरी ध्वनि दुईप्रकारका हुन्छन् । स्फोटको सम्बन्ध प्राकृत ध्वनिसँग हुन्छ । पतञ्जलीका विचारमा स्फोट र शब्द एउटै हुन् । कानबाट पाउन सकिने, बुद्धिबाट ग्राह्य र प्रयोगबाट प्रकाशित आकाशस्थानिक तत्त्व नै शब्द वा स्फोट हो (न्यौपाने र पराजुली, २०६९,पृ.११३) । पूर्वीय भाषिक चिन्तनअनुसार अक्षर नै शब्दब्रह्म हो । जुन शब्दब्रह्मको भुमरीबाट संसार चलेको हुन्छ, त्यही शब्दब्रह्म नै स्फोट हो । हृदयमा रहेको शब्दब्रह्म (स्फोट) ध्वनिका रूपमा बाहिर प्रकाशन हुन्छ । अरणिका रुखभित्र रहेको आगो घर्षणबाट बाहिर प्रकट भएझैँ बुद्धिमा रहेको स्फोट ध्वनिबाट अभिव्यक्त हुन्छ (न्यौपाने र पराजुली, २०६९, पृ. ११३) । अतः स्फोटले ध्वनिहरूको माध्यमबाट अर्थ प्रकाशित गर्दछ । स्फोटदर्शनअनुसार शब्द र अर्थबिच नित्य सम्बन्ध रहेको छ । स्फोट सत्य एवम् अविनाशी हुन्छ भने वर्ण, पद, वाक्य असत्य एवम् क्षणभङ्गुर हुन्छन् । वेदान्त दर्शनमा आधारित स्फोटदर्शनअनुसार सम्पूर्ण जगत्का क्रियाकलापहरू शब्दब्रह्ममा अडिनुका साथै सबै ज्ञानहरू शब्दभित्रै एकाकार भएका छन् ।

भट्टोजी दीक्षितको शब्दकौस्तुभमा उल्लेख भएअनुसार स्फोटहरू आठ प्रकारका रहेका छन्, ती हुन् : (क) वर्ण स्फोट (ख) पदस्फोट (ग) वाक्यस्फोट (घ) अखण्ड पदस्फोट (ङ) अखण्ड वाक्यस्फोट (च) वर्ण जातिस्फोट (छ) पद जातिस्फोट (ज) वाक्य जातिस्फोट (बन्धु, २०७०, पृ. २४-२५) । दीक्षितले भाषिक वर्णलाई प्रकृति, पदलाई जीव, वाक्यलाई ब्रह्म, अखण्ड पदलाई अखण्ड जीवात्मा, अखण्ड वाक्यलाई अखण्ड ब्रह्म, जाति वर्णलाई नित्य कारणरूप प्रकृति, जाति पदलाई नित्य कारणरूप जीवात्मा, जाति वाक्यलाई अनिर्वचनीय नित्य र अखण्ड ब्रह्मका रूपमा आरोपण गरेका छन् । उनले व्यक्ति वाक्य असत्य र अनित्य हुने भएकाले सार्थक नहुने तर जातिवाक्य सत्य र नित्य हुने भएकाले सार्थक हुने विचार प्रस्तुत गरेका छन् । दीक्षितको यस विचारले ब्रह्मलाई नित्य, अखण्ड तथा व्यापक मान्ने वेदान्त दर्शनलाई आत्मसात गरेको छ ।

**शब्दबोध प्रक्रिया**

शब्दले अर्थबोध गराउने प्रक्रियालाई शाब्दबोध भनिन्छ । शाब्दबोध प्रक्रियाको बारेमा थुप्रै विचार विमर्शहरू भएको पाइन्छ । यसलाई संस्कृत व्याकरणशास्त्रहरूमा शक्तिग्रह भनिन्छ । जगदीशले आफ्नो शब्दशक्ति प्रकाशिका (श्लोक २०) मा आठ प्रकारका साधनबाट शक्तिग्रह हुने बताएका छन् । ती हुन् : व्याकरण, उपमान, कोश, आप्तवाक्य, व्यवहार, वाक्यशेष, विवरण र ज्ञात पदको साहचर्य (बन्धु, २०७०, पृ.२२) । यस प्रकारका शाब्दबोध प्रक्रियामा सहयोग गर्ने साधनहरू आवश्यकता तथा सन्दर्भअनुसार प्रयोग गरिन्छ । यिनीहरूलाई क्रमशः यसरी चर्चा गर्न सकिन्छ :

(क) व्याकरण : व्याकरणले शब्दको प्रकृति र प्रत्यय छुट्याएर शब्दको अर्थ बोध गर्न सहयोग गर्दछ ।
(ख) उपमान : सादृश्य तथा उपमानबाट शब्दको अर्थबोध हुन्छ, जस्तै : सुन पित्तल जस्तै छ । यसबाट सुनको पहिचान गराइएको छ ।
(ग) कोश : कतिपय शब्दहरूको अर्थ शब्दकोशको सहायताबाट पत्ता लगाउन सकिन्छ ।
(घ) आप्तवाक्य : मर्यादित, विश्वासयुक्त व्यक्तिहरू तथा शास्त्रका भनाइहरू आप्तवाक्य हुन् । स्वर्ग, नरक, देवता, राक्षस आदि शब्दहरूको बोध आप्तवाक्यकै रूपमा गरिन्छ ।
(ङ) व्यवहार : कतिपय ज्ञानहरू लोकव्यवहारबाट भएको हुन्छ । कुनै शब्दहरूबीचको अन्वय र व्यतिरेक पद्धतिबाट बालकहरूले शब्दको अर्थबोध गर्दछन् । लोकव्यवहारमा नयाँ शब्दहरू थपिँदै जान्छन् भने पुराना शब्दहरू हट्दै जान्छन् ।
(च) वाक्यशेष : कुनै खास प्रसङ्ग वा सन्दर्भबाट शब्दको अर्थ निर्धारण हुन्छ । हामीले दशैँमा खसीको मासु खायौँ । यस वाक्यमा मासुको अर्थ प्रसङ्गबाट स्पष्ट हुन्छ ।
(छ) विवरण : कतिपय शब्दको अर्थ विवरण वा व्याख्याबाट खुल्दछ । जस्तै : बिरालो जस्तो देखिने लामो पुच्छर र छोटो कान भएको बाघ हो । यहाँ 'बाघ' शब्दको अर्थ विवरणबाट स्पष्ट भएको छ ।
(ज) ज्ञात पदको साहचर्य : वाक्यमा एक पदबाहेक अन्य पदहरूको अर्थ लाग्ने अवस्थामा ज्ञात पदको साहचार्यबाट अर्थ स्पष्ट हुन्छ । जस्तै : हलो, कुटो, कोदालो, जुवा शब्दहरूमा 'जुवा' शब्दको अर्थ अन्य शब्दहरूको सान्निध्यबाट बुझ्न सकिन्छ ।

साहित्यमा अभिधा, लक्षणा र व्यञ्जना गरी शब्दशक्ति तीन प्रकारका मानिएको छ । शब्दको अभिधा शक्तिबाट वाच्यार्थ बोध हुन्छ । मुख्यार्थमा बाधा हुन गई लक्ष्यार्थ बोध हुन गएमा त्यसलाई शब्दको लक्षणा शक्ति मानिन्छ । जस्तैः गंगामा घर छ । गंगा नदीको प्रवाहमा घर हुन नसक्ने भएकाले अभिधा शक्तिबाट यस वाक्यको अर्थबोध हुन सक्दैन । गंगा नदीको किनारामा घर अवस्थित छ भनेर बोध गर्नु लक्ष्यार्थ हो । कतिपय शब्दहरू लक्ष्यार्थबाट मात्रै अर्थबोध गर्न सकिँदैन । 'गंगामा घर छ' वाक्यलाई नै हेर्दा पवित्रस्थलमा घर छ भनेर बोध गर्नु व्यङ्ग्यार्थ हो । यस शक्तिबाट अर्थबोध गर्दा सन्दर्भ र परिस्थितिलाई ख्याल गर्नु पर्ने हुन्छ । शाब्दबोध चार कारणहरूबाट हुने गर्दछ : आसत्ति, योग्यता, आकाङ्क्षा र तात्पर्य ज्ञान (न्यौपाने र पराजुली, २०६९, पृ. ११६) । यी शाब्दबोध प्रक्रियाका सहकारी कारणहरूलाई यसरी चर्चा गर्न सकिन्छ :

(क) आसत्ति : व्यवधानबिना पदहरूको निकटताका कारण अर्थबोध हुनु आसत्ति हो ।
(ख) योग्यता : शब्दहरूमा अर्थबोध गराउने योग्यता आवश्यक हुन्छ । योग्यताबिनाका पदहरूको

प्रयोगबाट शाब्दबोध सम्भव हुँदैन । जस्तै : 'फूल फुल्यो' भन्ने वाक्यमा फूलसँग फुल्ने योग्यता भएकाले अर्थबोध भएको छ । 'ढुङ्गा फुल्यो' भन्ने वाक्यमा ढुङ्गामा फुल्ने योग्यता नभएकाले अर्थबोध हुँदैन । अर्थात् यसबाट नकारात्मक शाब्दबोध हुन जान्छ ।

(ग) आकाङ्क्षा : वाक्यमा कुनै पदको आपूर्ति अनिवार्य मानिन्छ । जसको प्रयोगबिना वाक्यको आशय अभिव्यक्त हुन सक्दैन । जस्तै : उसले खसी ........मात्र उच्चारण गर्दा काट्यो, पाल्यो, चरायो, हरायो... थुप्रै आकाङ्क्षाहरू देखिन सक्छन् ।

(घ) तात्पर्य : वक्ताको आशय खुलाउनु तात्पर्य हो । व्यवहारमा एउटै शब्दका पनि धेरै अर्थ लाग्न सक्छन् । वक्ताले जुन आशयमा शब्द उच्चारण गरेको हुन्छ सोही आधारमा अर्थबोध गर्नुपर्ने हुन्छ, जस्तै : 'मुसो आयो' वाक्यमा 'मुसो' शब्दले 'अन्न खाने एकथरिको जन्तु' र 'साह्रो भई छालामा उठ्ने नपाक्ने एक किसिमको फुकुण्डो' दुबै अर्थबोध गराएको छ । अतः वक्ताको तात्पर्य शाब्दबोधको कारण हो ।

शाब्दबोधका लागि वृत्ति ज्ञानको आवश्यकता पर्छ (न्यौपाने र पराजुली, २०६९, पृ. ११७) । वृत्ति ज्ञान भन्नाले अर्थज्ञान भन्ने बुझिन्छ । वक्ता तथा श्रोतामा शक्ति, लक्षणा र व्यञ्जनाजस्ता वृत्तिज्ञानको आवश्यकता पर्दछ । शक्ति वाच्यवाचक सम्बन्धमा आधारित वृत्ति हो । मुख्यार्थमा बाधा सिर्जना भई लक्ष्यार्थ बोध भएमा लक्षणा वृत्ति र व्यङ्ग्यार्थ प्रवाह भएमा व्यञ्जना वृत्तिको प्रयोग भएको मानिन्छ । शाब्दबोध गराउन रुढि, योग र योगरुढ गरी तीन प्रकारका शक्तिको प्रयोग भएको पाइन्छ । प्रकृति प्रत्ययको कल्पना नगरी परम्परागत रूपमा चलिआएको अर्थलाई स्वीकार गर्नुलाई रुढि भनिन्छ (न्यौपाने र पराजुली, २०६९, पृ. ११७) । जस्तै : 'भालु' शब्दलाई 'भाल्' र 'उ' रूपमा विभाजन गर्दा अर्थबोध हुँदैन । प्रकृति र प्रत्यय छुट्याई अर्थबोध गर्ने सकिने शब्द यौगिक हुन् । जस्तै : दुधालु, रिसाहा, धुपौरो आदि । प्रकृति प्रत्ययको सहायता लिएर परम्परागत अर्थबोध गर्नु योगरुढि हो । यसप्रकारका शब्दहरू परम्परा तथा सामाजिक सम्झौतामा आधारित हुन्छन् । जस्तै : 'लवण' शब्दमा 'य' प्रत्यय लागेर 'लावण्य' शब्द बनेको छ । लवणको अर्थ 'नून' भए पनि 'लावण्य' शब्दले नूनसँग सम्बन्ध राख्दैन । यसको अर्थ सौन्दर्य हुनजान्छ ।

**बौद्धार्थ निरूपण**

शब्दले दिने अर्थ मानसिक वा बुद्धिस्थ हुन्छ । यही अर्थको मानसिक वा बुद्धिस्थ प्रक्रियालाई बौद्धार्थ भन्ने गरिन्छ । पतञ्जली र भर्तृहरिले बौद्धार्थको बारेमा चिन्तन गरेपछि नागेश भट्टले परमलघुमञ्जूषा र वैयाकरण सिद्धान्त लघुमञ्जूषामा यसको व्यापक चर्चा र विश्लेषण गरेका छन् (न्यौपाने र पराजुली, २०६९, पृ. १०९) । अर्थ मानसिक संरचनामा तयार भएपछि मात्र बाह्य रूपमा अर्थबोध गर्न सकिन्छ । पतञ्जली, भर्तृहरि, कैयट, गौतम, वाचस्पति, शेषनाग आदि विद्वान्हरूका ग्रन्थहरूमा गरि एका भाषाका मानसिक अर्थका सन्दर्भमा गरिएका विभिन्न प्रसङ्गहरूका आधारमा नागेशले यससम्बन्धी अवधारणालाई व्यापक बनाए । उनले विभिन्न ग्रन्थहरूबाट उदाहरण ल्याएर प्रस्तुत गरेका छन् । यस भनाइप्रति नैयायिकहरूको असहमति रहेको छ । उनीहरूका विचारमा शब्द र अर्थका बीचमा तादात्म्यता हुँदैन । यदि ती दुबैका बीचमा तादात्म्यता/नित्यताअर्थात् अभेद सम्बन्ध हुन्थ्यो भने ' मधु' शब्द उच्चारण गर्नासाथ मुखमा मह आउनु पर्ने, अग्नि उच्चारण गर्नासाथ मुख पोलिनु पर्ने भन्ने उनीहरूको तर्क रहेको छ । तर नैयायिकहरूको मतको नागेशले खण्डन गरेका छन् । अर्थ

आन्तरिक/बुद्धिस्थ अवस्थामा रहन्छ । अर्थ बुद्धिस्थ हुनुको अर्थ त्यसको भौतिक उपयोग नहुनु नै हो । किताबले भन्दा पनि ऊ अर्थ ल्याउँदैन, वस्तु ल्याउँछ, यो सङ्केत मात्र हो (न्यौपाने, २०५१, पृ.३७५) । हरेक वस्तुहरू बाह्य जगत्मा रहेका छन् तर तिनलाई बोध गराउने अर्थ भने मानवीय अन्तस्करणमा निहित हुन्छ । नागेशका विचारमा शब्द परा, पश्यन्ती, मध्यमा र वैखरी हुँदै ध्वन्यात्मक रूपमा बाहिर निःसृत हुन्छ भने त्यस शब्दले दिने अर्थ मानसविम्बमा पहिलेदेखि नै रहेको हुन्छ । त्यही मानसविम्बमा रहेको अर्थलाई नै बुद्धिस्थ भनिएको हो । यदि कसैले मानसविम्बमा पहिले स्थापना नभएको शब्द उच्चारण गर्‍यो भने त्यसको अर्थबोध हुन सक्दैन । यस्ता शब्दको अर्थ मानस विम्बले पहिचान वा आधार खोज्न सक्दैन । शब्दको अर्थ मानवीय मस्तिष्कमा पहिले नै स्थापित भएको हुन्छ । नागेशका विचारमा बाह्य जगत्मा रहेको अग्निमा दाहकत्वशक्ति भएपनि बुद्धिस्थ अग्निमा दाहकत्वशक्ति हुँदैन । बाह्य अग्निको उच्चारण गर्दा बुद्धिस्थ अग्निबोध हुन जान्छ ।

पतञ्जलीको महाभाष्यमा उल्लेख भएअनुसार ‘कंसलाई मार्छ’, ‘बलीलाई बाँध्छ’ जस्ता वाक्यहरू वर्तमानकालिक हुन् । पौराणिक पात्र कंसलाई मार्ने र बलीलाई बाँध्ने काम त पहिले नै सम्पादन भएकाले भूतकालको प्रयोग हुनुपर्नेमा वर्तमानकालको प्रयोग किन ?भन्ने जिज्ञासा उठाइएको छ । कुशल कलाकारले कृष्ण र कंसको अभिनय गर्दा वर्तमानकालिकता देखापर्छ । दर्शकहरूले अभिनयकर्तालाई कंस र बली जस्ता पात्रहरू सम्झिरहेको हुन्छ । रङ्गमञ्चमा अभिनय गर्ने काम वर्तमानकालको हो । साहित्यकारहरू पनि आफ्ना मस्तिष्क वा बुद्धिमा वर्तमान कंस, कृष्णहरूका जीवनचरित्र प्रकाशित गर्छन् अर्थात् श्रोताका पनि बुद्धिमा समर्पित गर्न शब्दको ग्रन्थन गर्छन् (न्यौपाने, २०५१, पृ. ३७५) । कलाकार/साहित्यकार दर्शक वा श्रोताका मस्तिष्कमा रहेका विम्बहरूका आधारमा अर्थबोध गराउन सफल हुन्छ । अर्थ बुद्धिद्वारा परिकल्पित हुन्छ भन्ने सन्दर्भमा नागेशले यस्तो उदाहरण प्रस्तुत गरेका छन् :

एषं बन्ध्यासुतो याति खपुष्पकृतशेखरः ।
कूर्मक्षीरचये स्नातः शशशृङ्गधनुर्धरः ॥

अर्थात् यो बन्ध्यापुत्र आकाशको फूल शिरमा लगाएर कछुवाका दूधका समूहमा नुहाएर खरायोका सिङको धनुष बोकेर आयो (न्यौपाने र पराजुली, २०६९, पृ. ११०) । नैयायिकहरूले बाह्यसत्ता वा भौतिक रूपमा नभएका बन्ध्यापुत्र, आकाशको फूल, कछुवाको दूध, खरायोको सिङ जस्ता कुराहरूलाई भ्रमात्मक ज्ञान मान्नु पर्ने तर्क गरेका छन् । यसको खण्डन गर्दै नागेशले मानसपटलमा बन्ध्यापुत्र हुँदैन, आकाशमा फूल फुल्दैन जस्ता अर्थहरू पनि स्थापित गरेका छन् । आखिरी नैयायिकहरूले यी वाक्यहरू स्वीकार गरेकै छन् । यसरी बाह्य सत्तामा नभएका कुराहरू पनि बुद्धिमा आरूढ वा आरोपित सत्ताबाट अर्थबोध हुन्छ भन्ने मत नागेशको रहेको छ । बाह्य जगत्का कुनै पनि वस्तु वा व्यक्तिसम्बन्धी थुप्रै विशेषणहरूमानसिक सत्तामा निहित हुन्छन् । ती जुनसुकै विशेषणहरू प्रयोग गरिए पनि श्रोता/पाठकले एउटै वस्तु वा व्यक्तिलाई बोध गर्दछ । शब्दद्वारा सङ्केतित वस्तुको ग्रहण हुन्छ नै तर वस्तु उपस्थित हुँदैन भने केवल अर्थ वा विम्बको ग्रहण हुन्छ । शब्दद्वारा सङ्केतित वस्तुको भौतिक सत्ता वा त्यसको उपयोग सम्भव छ तर शब्दद्वारा बुझिने अर्थको भौतिक उपयोग सम्भव छैन (न्यौपाने, २०५१, पृ.३७५) । शब्द उच्चारण गर्दा स्वयम् वस्तु उपस्थित हुँदैन । मस्तिष्कमा रहेको विम्बको आधारमा अर्थबोध हुन्छ । ‘कुकुर भुक्छ’ वाक्यमा ‘कुकुर’ र ‘भुक्छ’ दुबै पदको विम्ब

मानसपटलमा हुन्छ, त्यसैबाट अर्थबोध हुन्छ । घटं करोति (घैँटो बनाउँछ) वाक्यमा 'घैँटो' शब्द कर्मको रूपमा आएको छ । घैँटो बनाउने व्यक्ति उल्लिखित छैन । यस्तो अवस्थामा बुद्धिमा रहेको कर्तालाई परिकल्पना गरेर घैँटोलाई कर्मसंज्ञा गर्नु पर्दछ भन्ने तर्क नागेशको रहेको छ । कुम्हालेले घैँटो बनाउँछ भन्ने विम्ब मानसपटलमा अवस्थित हुन्छ । वक्ता/लेखकले बुद्धिमा रहेको अर्थका आधारमा बाह्य जगत्मा रहेका शब्दहरूको प्रयोग गर्दछ भने श्रोता/पाठकले पनि मानसिक सत्तामा रहेको विम्बका आधारमा मात्र अर्थबोध गर्दछ ।

**शब्दार्थ सम्बन्ध**

वर्ण, रूप, शब्द, पद, वाक्य जस्ता भाषाका संरचक एकाइहरूमा अर्थको केन्द्रीयता रहन्छ । भाषिक वर्णहरू अर्थभिन्नताका आधारमा निर्धारण हुन्छन्, रूप भाषाको न्यूनतम अर्थयुक्त एकाइ हो, भाषिक शब्दहरूमा कोशीय अर्थ रहन्छ । पदमा कोशीय तथा व्याकरणिक अर्थ कायम रहन्छ । यसैगरी पदावली, उपवाक्य, वाक्य र सङ्कथनमा पनि अर्थ अनिवार्य मानिन्छ । अर्थबिनाको भाषिक अभिव्यक्ति निष्प्राण हुन्छ । भाषाको मुख्य संरचक तत्व शब्द र अर्थका बीचमा अन्तर्सम्बन्ध रहेको हुन्छ । पूर्वीय जगत्मा शब्द र अर्थबीच नित्य सम्बन्ध छ कि अनित्य सम्बन्ध छ भन्ने विषयमा थुप्रै मतमतान्तर देखिन्छन् । मीमांसक र संस्कृत वैयाकरणहरू शब्द र अर्थका बीचमा नित्य सम्बन्धको पक्षमा तर्क गर्दछन् भने नैयायिक र वैशेषिकहरू शब्द र अर्थबीच अनित्य रहेको वहस गर्दछन् । नाशवान् ध्वनिहरूको संयोजन वा सम्मिलित रूपबाट अर्थबोधक शक्ति प्राप्त हुन्छ । शब्दको अर्थबोधक शक्ति कहाँ र कहिले प्राप्त हुन्छ भन्ने सन्दर्भमा पूर्वीय दार्शनिक तथा वैयाकरणहरूले चिन्तन मनन गरेका छन् । पाणिनि, पतञ्जलि र कात्यायनले शब्द र अर्थबीच नित्य सम्बन्ध रहेको चर्चा गरेका छन् (पोखरेल, २०७५, मोडुल सामग्री) । नित्य भन्नुको अभिप्राय शब्दमा अर्थबोध गराउने क्षमता रहेको हुन्छ । निरुक्तकार यास्कले पनि शब्द र अर्थका बीच नित्य सम्बन्ध हुने तर्क गरेका छन् (न्यौपाने, भण्डारी र न्यौपाने, २०६७, पृ. ३) । वाक्यवादी आचार्य भर्तृहरिले शब्दलाई कारण र अर्थलाई कार्यका रूपमा विश्लेषण गरी यिनीहरूका बीचमा नित्य सम्बन्ध रहेको स्वीकार गरेका छन् । उनले शब्दार्थलाई योग्यताका रूपमा पनि व्याख्या गरेका छन् । शब्द उच्चारण गर्नासाथ अर्थबोध हुन्छ, त्यही अर्थबोध गराउन सक्ने क्षमता योग्यता हो । शब्द सार्थक भएमा कार्यकारण सम्बन्ध कायम हुन्छ तर निरर्थक भएमा हुँदैन । वक्ताले सार्थक शब्द उच्चारण गर्दा अर्थबोध गर्नका लागि श्रोतामा प्रतिभाको आवश्यकता पर्न सक्छ । श्रोताको अर्थ ग्रहण गर्ने क्षमता कमजोर भएमा सार्थक शब्दको पनि अर्थबोध हुन सक्दैन । यसको मतलब वक्ताको शब्दप्रयोग र श्रोताको अर्थग्रहण गर्ने प्रतिभाबीच समान स्तर कायम हुनुपर्दछ । अर्थ शब्दविम्बमार्फत् अभिव्यक्त हुन्छ, श्रोता सुन्छ अनि मष्तिष्कमा पूर्वविद्यमान शब्द र अर्थका विम्बसँग त्यसको सम्बन्ध गाँस्दछ र अर्थबोध हुन्छ (न्यौपाने, २०५१, पृ. ३५६) । उच्चरित शब्द श्रोताको मानसपटलमा पूर्व सञ्चित धारणाका आधारमा अर्थिन्छ । भर्तृहरिले अर्थलाई बाह्य र आन्तरिक दुबै मानेका छन् । नागेशले भने अर्थलाई बुद्धिस्थ प्रक्रियाको रूपमा व्याख्या गरेका छन् । उनको विचारमा शब्द र अर्थको सम्बन्ध सृष्टिको प्रारम्भबाटै भएको हो । जसरी ब्रह्मलाई वेदान्तीहरू अखण्ड्य, व्यापक र नित्य मान्दछन् र अव्यक्त ब्रह्म मायाद्वारा नाना रूपात्मक जगत्मा अभिव्यक्त रहन्छ भन्छन् त्यसैगरी वैयाकरणहरू ब्रह्मरूप शब्द वैखरी ध्वनिद्वारा व्यावहारिक रूपमा अभिव्यक्त हुन्छ, यही नै शब्दब्रह्म हो भन्छन् (न्यौपाने, २०५१, पृ. ३५५) । नागेशले वेदान्तदर्शनका आधारमा शब्द र अर्थको सम्बन्धलाई हेरेका छन् । शक्ति, लक्षणा र व्यञ्जना तीन वृत्तिबाट शब्दार्थज्ञान हुन्छ । पूर्वीय आचार्यहरू भामह, दण्डी, रुद्रट, वामन, आनन्दवर्द्धनले

आ-आफ्ना लक्षणग्रन्थहरूमा शब्द र अर्थबीचको नित्य सम्बन्धका बारेमा सोदाहरण प्रष्ट पारेका छन् ।

नैयायिकहरूले शब्द र अर्थबीचको सम्बन्धलाई अनित्य मानेका छन् । उनीहरूका विचारमा शब्दले दिने अर्थ साङ्केतिक मात्र हो । शब्द मुखमा रहन्छ, अर्थ बाहिर, शब्द वर्तमान कालमा सुनिन्छ तर अर्थ भूत, भविष्यको पनि हुन्छ । त्यसैले शब्द र अर्थमा नित्य सम्बन्ध छैन (न्यौपाने, २०५१, पृ. ३५४) । उनीहरू शब्द र अर्थबीचको सम्बन्ध नित्य हुन्थ्यो भने 'तरबार' उच्चारण गर्दा मुख काटिनु पर्ने, आगो उच्चारण गर्दा मुख पोलिनु पर्ने हो भन्ने तर्क गर्छन् । वैशेषिकहरूले पनि शब्द र अर्थबीच स्वाभाविक सम्बन्ध नरहेको वहस गरेका छन् । उच्चारण प्रक्रियामा तुरुन्त नासिने शब्द आफैमा नित्य हुन सक्दैन भने त्यसले दिने अर्थमा नित्यता हुने कुरै भएन । वैशेषिकहरूले शब्द र अर्थको सम्बन्धलाई अनुमापक-अनुमाप्य सम्बन्धका रूपमा परिभाषित गरेका छन् । उनका विचारमा शब्द अनुमापक र अर्थ अनुमाप्य हो । जसरी धुँवा देखिएपछि आगाको अनुमान सहजै गर्न सकिन्छ त्यसैगरी शब्द सुनिए पछि अर्थको अनुमान हुन्छ (न्यौपाने, २०५१, पृ. ३५४) । वाक्यपदीयका व्याख्याकार पुष्पराजले जसरी पहिले नै अग्नितत्त्व विद्यमान रहेको अरणीको रुखमा घर्षण पैदा हुनासाथ अग्नि उत्पन्न हुन्छ त्यसै गरी शब्द उच्चारण हुनासाथ अर्थ पैदा हुन्छ भन्ने विचार प्रस्तुत गरेका छन् । शब्द र अर्थका बीच रहेका मूल अन्तर निम्नलिखित रहेका छन् :

| शब्द | अर्थ |
|---|---|
| भौतिक अर्थात् वाग्यन्त्रोच्चार्य | बुद्धिगत र आत्मिक |
| ध्वनिका उत्पत्ति र संचरण विश्लेष्य | प्रतीति अविश्लेष्य |
| चित्र बनाउन सकिने | अनुभूति नाप्न नसकिने |
| देशकालाधीन | देशकाल मुक्त |
| खण्डनीय (न्यूनतम खण्ड गर्न सकिने) | चेतनागत भएकाले अखण्ड्य |
| दोहोर्‍याउन सकिने | अर्थ दोहोऱ्याउन नसकिने, परिस्थितिअनुसार |
| भिन्नाभिन्नै बोध हुन सक्ने | |
| सामाजिक सम्पदा | वैयक्तिक गुण |
| शब्दोच्चारण दोस्रो चरण | अर्थ पहिलो चरण |
| बाह्य | आन्तरिक |
| पर्याय सम्भव | पर्याय असम्भव |
| शब्द भाषा विशेषमा | अर्थ भाषा निरपेक्ष |
| शब्दका लिखित र मौखिक भेद | अर्थमा अभेद |
| शब्द व्याकरणसम्मत | अर्थ अव्याकरणिक |
| शब्द प्रत्यक्षगम्य | अनुमेय |
| शब्दोच्चारण नभएपनि व्यवहार चल्ने | व्यवहार नचल्ने |

(स्रोत : न्यौपाने, २०५१, पृ. ३५७-३५८)

**अपोहवाद**

अर्थविज्ञानको परिप्रेक्ष्यमा अपोहवादको महत्वपूर्ण स्थान रहेको छ । अपोहवाद बौद्धदर्शनको शून्यवादमा आधारित भाषिक दर्शन हो । यस दर्शनअनुसार शब्दको अर्थ अपोहात्मक हुन्छ । अपोहको तात्पर्य तदभिन्न भेद हो । यो बौद्ध र न्यायपरम्परामा विकसित विशिष्ट भाषिक दर्शन हो जसले शब्दार्थ

सम्बन्धलाई नै अनित्य मान्दछ (न्यौपाने र पराजुली, २०६९, पृ. १२४) । यस भाषिक दर्शनका संस्थापक दिङ्गनागले संस्थापन गरेको अपोहवादलाई धर्मकीर्ति, रत्नकीर्ति, शान्तिरक्षित र कमलशीलले उत्तरोत्तर विकास गरे । यस दर्शनअनुसार शब्दको अर्थ निषेधात्मक हुन्छ । जस्तै : 'गाई' शब्दको उच्चारणबाट गाई पशुको ज्ञान गाई भिन्न पशुहरू (घोडा, भैँसी, बाखा आदि) को निषेधबाट हुन्छ । अपोहवादले न्यायदर्शनको क्षेत्रमा नयाँ आयाम थपेको छ । यसले जातिको सङ्कल्पनाको खण्डन गरेको छ र शब्दार्थ सम्बन्धलाई नयाँ दृष्टिले हेरेको छ (बन्धु, २०७०, पृ. २६-२७) । अपोहवादले जातिलाई मान्दैन । यसले जातिलाई अमूर्त तथा कल्पनाका रूपमा विश्लेषण गर्दछ । यसले शब्दको अर्थ व्यक्तिको रूपमा ग्रहण गर्दछ । निषेध आफैमा अयथार्थ र भ्रममूलक हुन्छ भन्ने बौद्धहरू शब्द स्वयम् र त्यसका अर्थलाई अयथार्थ मान्दछन् (न्यौपाने र पराजुली, २०६९, पृ. १२५) । जाति नै छैन भने जातिभित्र निहित व्यक्ति, गुण, क्रियाको पनि कल्पना हुन सक्दैन । व्यक्तिमा गुणहरू रहेका हुन्छन् । ती गुणहरूबाहेक अरु कुरामा उसको अस्तित्व हुँदैन । व्यक्तिमा रहने गुणसमेत अनित्य हुने भएकाले शब्दको अर्थ केवल भ्रम मात्र हो । यो कल्पनामा आधारित हुन्छ । शब्दको प्रयोगवस्तुको सङ्केतका रूपमा मात्र रहेको हुन्छ । बौद्धदर्शनले सांसारिक हरेक गतिविधिहरू भ्रमपूर्ण मान्दछ । मानिसका हरेक सम्पादित कार्यहरू स्वयम् भ्रम हुन् । हरेक वस्तुहरू क्षणक्षणमा परिवर्तन भइरहन्छन् भने त्यसलाई सङ्केत गर्ने शब्द अपरि वर्तनशील हुन सक्दैन । मानिस बाह्य सत्तामा रहेका वस्तु र तिनलाई सङ्केत गर्ने अर्थबीच सम्बन्ध देख्नु केवल अज्ञानता र भ्रमात्मकता मात्र हो । अपोहवादको मूल मर्म शब्द र अर्थको सम्बन्धलाई विभेदात्मक मानेर यसको तार्किक व्याख्या गर्नु हो अर्थात् शब्द र वस्तुका बीच प्रत्यक्ष सम्बन्ध हुँदैन र अर्थ आफ्नो प्रकृतिमा विभेदात्मक वा निषेधात्मक हुन्छ भन्नु अपोहवादको तात्पर्य हो (आचार्य, २०७२, पृ. ८९) । अतः कुनै पनि वस्तुको अर्थ सधैँ उही रहन नसक्ने भएकाले त्यस वस्तुबाट अन्य वस्तुहरूलाई अपोहन/निषेध गरेर अर्थबोध गर्नु अपोहवादी मान्यता हो । तद्भिन्नबाट शब्दको अर्थबोध गर्दा पनि भावसापेक्ष अर्थको बोध हुन्छ भन्ने तर्क गरेर अपोहवादी यस मान्यतालाई वैयाकरणहरूले आलोचना गरेका छन् । दिङ्नागले संस्थापन गरेको अपोहवादलाई उत्तरवर्ती अपोहवादी दार्शनिकहरूले पर्युदास (बुध्यात्मा र अर्थात्मा) र प्रसज्य प्रतिषेधको व्याख्या गरेर संशोधन गरेका छन् । दिङ्नागको मान्यतालाई व्यावहारिकता दिने काम गरेका छन् । दिङ्नागले अपोह वा निषेधलाई शब्दार्थ स्वीकार गरेकामा उत्तर वर्ती अपोहवादीहरूले शब्द उच्चारणबाट मनमा उत्पन्न हुने विम्बलाई पनि शाब्दबोधको रूपमा लिएर आलोचना मुक्त हुने प्रयास गरेका छन् । अपोहवादीहरू अनित्यवादी दार्शनिक हुन् । त्यसैले नित्यवादी तथा स्फोटवादीहरूले अपोहवादको तीब्र आलोचना गरेका छन् (न्यौपाने, २०६६, पृ. १६६) । शब्दार्थ सम्बन्धका बारेमा अपोहवादी मान्यतालाई नवीन र मौलिक भने मान्न सकिन्छ ।

**अभिहितान्वयवाद र अन्विताभिधानवाद**

पूर्वीय भाषिक परम्परामा वाक्यले दिने सम्पूर्ण अर्थ अविभाज्य वा निरवयव हुन्छ कि वाक्यमा प्रयोग हुने प्रत्येक पदहरूको स्वतन्त्र अर्थ हुन्छ भन्ने सम्बन्धमा वहस हुने क्रममा अभिहितान्वयवाद र अन्विताभिधानवादको उदय भएको हो । वाक्यका अर्थलाई श्रोताले कसरी बोध गर्दछन् भन्ने सम्बन्धमा यी दुई चिन्तनहरू देखा परेका हुन् ।

**अभिहितान्वयवाद**

अभिहितान्वयवादका प्रवक्ता मीमांशक कुमारिल भट्ट हुन् । जैमनीय सूत्रको भाष्यमा शवर स्वामीले अभिव्यक्त गरेको विचारबाट कुमारिल .भट्टले यसको प्रबर्द्धन गरेका हुन् । उनको

विचारमा वाक्यमा प्रयुक्त सबै पदले असम्बद्ध रूपमा आफ्नो अभिधा शक्तिबाट विच्छिन्न अर्थको बोध भइसक्छ । यस्ता पदहरूमा अन्तर्निहित तात्पर्य शक्तिले पारस्परिक अन्वयको बोध गराएर सिङ्गो वाक्यार्थबोध गराउँछ । कुमारिल भट्टका अनुसार पदद्वारा सङ्केतित अर्थमा अरू पदसँग अन्वित हुने शक्ति अन्तर्निहित हुन्छ (आचार्य, २०७२, पृ. ९०) । प्रत्येक पद एकआपसमा अन्तर्सम्बन्धित हुन्छन् । एक आपसमा अन्वय हुन नसक्ने शब्दहरूको समूहबाट वाक्यको निर्माण हुन सक्दैन । वाक्यमा पदहरूको विन्यास आकाङ्क्षा, योग्यता र आसत्ति जस्ता वाक्यीय आवश्यकताले हुन्छ । यसरी विन्यस्त पदहरूबाट हुने अर्थबोध विच्छिन्न प्रकृतिको नभई सम्बन्धमूलक हुन्छ । वाक्यमा प्रयोग भएका स्वतन्त्र पदहरूबाट कोशीय अर्थ प्रकट हुन्छ भने ती पदहरू जब तात्पर्य शक्तिबाट अन्वय भएका पदहरूबाट विशिष्ट अर्थबोध हुन्छ जान्छ । अभिहितान्वयवादले संसर्गबोधक शक्तिलाई पदनिष्ठ नमानेर पदार्थनिष्ठ मानेको छ (आचार्य, २०७२, पृ. ९१) । पदहरूको समष्टिगत वाक्यको स्वतन्त्र सत्ता हुन्छ भन्ने मान्यता अभिहितान्वयवादीहरूको रहेको छ ।

**अन्विताभिधानवाद**

अन्विताभिधानवादका प्रवर्तक प्रभाकर भट्ट हुन् । उनका अनुसार भाषिक बोधको मूल एकाइ भनेकै वाक्यार्थबोध हो । त्यसैले वाक्यभन्दा सानो कुनै एकाइको सत्ता हुँदैन । अर्थात् वाक्यमा प्रयोग भएका पदहरूको स्वतन्त्र सत्ता हुँदैन । वाक्यमा आएका शब्दहरू विच्छिन्न होइनन् । त्यसैले उनीहरूका क्रमको समष्टिबाट अभिधा शक्तिले नै अर्थबोध गराउँछ (न्यौपाने र पराजुली, २०६९, पृ. १२८) । वाक्यमा आउने पदहरू विच्छिन्न नभई एक सम्बन्ध सूत्रबाट परस्पर अन्वित रूपमा बोधगम्य हुन्छन् । बालकहरू पदहरूको विच्छिन्न अर्थबोध नगरी सिङ्गो अर्थबोध गर्दछन् । जस्तै : कुकुर भुक्छ, कुकुर बाँध, कुकुर फुकाऊ जस्ता वाक्यात्मक प्रयोगबाट बालकले ‘कुकुर’पदको अलग अर्थबोध गर्दछ । विभिन्न प्रसङ्गमा पुनरावृत्ति हुने पदहरूको बोध गर्दछन् । पदलाई अलग गरेर बालकले पदको अर्थबोध गर्न सक्दैन । बालकले पुनरावृत्ति न्याय (आवाप उद्वाप) द्वारा विभिन्न पदहरूको छुट्टा छुट्टै अर्थ बुझ्छ । पदको अर्थ प्रसङ्गअनुसार कायम हुन्छ । कुनै पनि वाक्यको अर्थ अखण्ड र स्वयम्मा पूर्ण एक विशिष्ट विचार हुन्छ । त्यसमा अवयवभूत पदहरूको अर्थको अस्तित्व पनि अवश्य रहन्छ तर ती पद विच्छिन्न नभईकन एक सम्बन्ध सूत्रबाट परस्पर अन्वित रूपमा बोधगम्य हुन्छन् (आचार्य, २०७२, पृ. ९२) । अन्विताभिधानवादीहरूले पदहरूको स्वतन्त्र सत्ताको विरुद्धमा पदहरूबाट निर्मित वाक्यको स्वतन्त्र सत्ताको कल्पना गरेका छन् । भाषिक बोधको केन्द्रविन्दु अखण्ड वाक्य नै हो ।

**नेपाली भाषा शिक्षणमा पूर्वीय अर्थ चिन्तनको सम्बन्ध**

भाषा शिक्षणलाई प्रायोगिक भाषा विज्ञानको मुख्य शाखाको रूपमा चिन्ने गरिन्छ । भाषा शिक्षण भाषिक सीपहरू शिक्षणसँग सम्बन्धित छ । सुनाइ, बोलाइ, पढाइ, लेखाइ गरी भाषाका मुख्य चारओटा सीपहरू रहेका हुन्छन् । यस प्रकारका भाषिक सीपहरू एक आपसमा अन्तर्सम्बन्धित हुन्छन् । नेपाली भाषा शिक्षणअन्तर्गतका यी चारओटै सीपहरूलाई पूर्वीय अर्थ चिन्तनले प्रभाव पारेको देखिन्छ । भाषिक उच्चारणमा स्फोटदर्शनले सहयोग गर्दछ । परा, पश्यन्ती, मध्यमा र वैखरी जस्ता चत्वारी वाक् भाषिक उच्चारणका लागि महत्वपूर्ण मानिन्छन् (न्यौपाने, २०५१, पृ २-५) । बालबालिकालाई भाषिक शब्दको उच्चारण सिकाउने क्रममा भाषाका परा, पश्यन्ती र मध्यमाको बारेमा पनि जानकारी गराएमा व्यक्त अवस्थाको वैखरी रूप सिकाउन सजिलो हुन्छ । आधुनिक भाषाविज्ञानले वैखरी रूपको बारेमा मात्र व्याख्या गरे पनि स्फोटदर्शनको अध्ययनबाट परा, पश्यन्ती र मध्यमाको बारेमा सुझ प्राप्त हुन्छ ।

हृदस्थ स्फोटका कारणले भौतिक ध्वनि निःसृत हुने भएकाले स्फोटका बारेमा विद्यार्थीहरूलाई अवधारणा बसाल्नु पर्ने हुन्छ । बाह्य रूपमा प्रकट हुने ध्वनिका आन्तरिक प्रक्रियाहरूका बारेमा पनि उनीहरूलाई अभ्यास गराउनु पर्ने हुन्छ । स्फोट भाषाको स्थायी रूप हो भने ध्वनि अस्थायी वा क्षणिक रूप हो (न्यौपाने र पराजुली, २०६९, पृ. ११२-११३) । यसरी स्थायी स्फोट र ध्वनिका बीचमा कार्यकारण सम्बन्धका आधारमा गरिएको भाषा शिक्षण उद्देश्यमूलक तथा व्यावहारिक हुन्छ । विद्यार्थीहरूलाई शब्द उच्चारण गराउनुभन्दा पहिले उसमा हृदस्थ अवस्थामा नै स्फोटको विकास गराउन सकिन्छ ।

पूर्वीय अर्थ चिन्तनअन्तर्गत पर्ने शाब्दबोध प्रक्रियाले पनि नेपाली भाषा शिक्षणमा सहयोग गरेको छ । शाब्दबोध प्रक्रियाले शब्दको अर्थबोध गराउने क्षमताका बारेमा अध्ययन गर्दछ । निरर्थक शब्दले भाषिक अभिव्यक्ति पूरा हुन सक्दैन । यसबाट न वक्ताको अभिव्यक्ति पूरा हुन्छ न श्रोताले अर्थ ग्रहण गर्न सक्दछ । शाब्दबोध प्रक्रियाका उपयोग गरिने महत्वपूर्ण साधनहरूको उपयोग गरेर बाल बालिकाहरूमा भाषिक अभिव्यक्ति तथा ग्रहण क्षमतामा विकास गराउन सकिन्छ । शाब्दबोध प्रक्रियामा व्याकरणलाई महत्वपूर्ण साधनका रूपमा लिन सकिन्छ । व्याकरणको समुचित उपयोग गरी नेपाली भाषा शिक्षणलाई प्रभावकारी तथा व्यावहारिक तरिकाले शिक्षण गर्न सकिन्छ । शब्दको प्रकृति र प्रत्यय छुट्याएर सजिलै शाब्दबोध गराउन सकिन्छ । सादृश्य तथा उपमानको प्रयोगले भाषिक शब्दको अर्थबोध सरल र सहज तरिकाले बनाउन सकिन्छ । जस्तै : भेडा बाखा जस्तै छ । यस वाक्यमा भेडालाई बाखाको सादृश्यताबाट बुझाउन सकिन्छ । नेपाली भाषाका शब्दकोशको प्रयोगबाट विद्यार्थीहरूलाई नयाँ नयाँ शाब्दबोध गराउन सकिन्छ । मर्यादित, विश्वासयुक्त व्यक्तिहरू तथा शास्त्रका भनाइहरू आप्तवाक्य हुन् । यस प्रकारका आप्तवाक्यहरूको माध्यमबाट अनेक प्रकारका शब्दहरूको शिक्षण गर्न सकिन्छ । ईश्वर, स्वर्ग, नरक, देवता जस्ता शब्दहरूलाई आप्तवाक्यका रूपमा शिक्षण गर्न सकिन्छ । कतिपय शब्दहरू लोकव्यवहारका आधारमा सिकाउन सकिन्छ ।

नेपाली भाषा शिक्षणअन्तर्गत शब्दार्थ शिक्षणका विधिहरू शाब्दबोध प्रक्रियासँग सम्बद्ध रहेका छन् । अभिधा, लक्षणा र व्यञ्जना गरी शब्दका अर्थबोध गराउने तीन प्रकारका शक्तिहरू रहेका हुन्छन् । वाक्यमा प्रयुक्त शब्दले वाच्यार्थ बोध गराउनु अभिधा शक्ति, लक्ष्यार्थ बोध गराउनु लक्षणा शक्ति र व्यङ्ग्यार्थ बोध गराउनु व्यञ्जना शक्ति हो (न्यौपाने र पराजुली, २०६९, पृ. ११७-११८) । शाब्दबोध प्रक्रियाको उपयोग गरेर शब्दशक्तिको शिक्षण गर्न सकिन्छ । आसत्ति, आकाङ्क्षा, योग्यता र तात्पर्य जस्ता शाब्दबोध प्रक्रियाका सहकारी कारणहरूलाई नेपाली भाषा शिक्षणमा प्रयोग गर्न सकिन्छ ।

बौद्धार्थ निरूपण संस्कृत भाषिक चिन्तनमा शब्दार्थ बोध प्रक्रियाको महत्वपूर्ण पक्ष हो । शब्दले दिने अर्थ बुद्धिस्थ वा मानसिक हुन्छ भन्ने सार बौद्धार्थ निरूपणको हो (न्यौपाने, २०५१, पृ. ३७५) । नेपाली भाषा शिक्षणका क्रममा बाल बालिकाहरूका पूर्व ज्ञानको माध्यमबाट नयाँ कुरा सिकाउन सकिन्छ ।

बाह्य सत्तामा नरहेका कुराहरू पनि मानसिक सत्तामा रहेको ज्ञानका माध्यमबाट अर्थबोध गर्न सकिन्छ । नेपाली भाषा शिक्षणका सन्दर्भमा पनि यसको समुचित उपयोग गर्न सकिन्छ । 'तालुमा आलु फल्यो' भन्दा बाह्यसत्तामा रहेको तालुमा आलु फल्दैन तर मानसिक सत्तामा पूर्वस्थापित अर्थबोध क्षमताका कारण श्रोताले भाग्य सप्रियो भन्ने अर्थबोध गर्दछ । यस्तै प्रकारका थुप्रै उखान टुक्काहरू शिक्षणमा यस प्रक्रियाले सहयोग गरिरहेको हुन्छ । विद्यार्थीहरूको मानस विम्बमा पहिले नै

स्थापना भएका कुराहरूको शिक्षण प्रभावकारी हुन्छ । तर विद्यार्थीले कहिल्यै नसुनेका कुराहरूको व्याख्या गर्दा भने विद्यार्थीले अर्थबोध गर्न सक्दैन । यसका लागि विद्यार्थीहरूको मानसिक पक्ष बलियो बनाउनु पर्ने हुन्छ ।

पूर्वीय अर्थ चिन्तनको महत्वपूर्ण पक्ष मानिने अपोहवादले नेपाली भाषा शिक्षणमा सहयोग गर्दछ । यस दर्शनअनुसार शब्दको अर्थ निषेधात्मक हुन्छ । जस्तै : 'गाई' शब्दको उच्चारणबाट गाई पशुको ज्ञान गाईभिन्न पशुहरू (घोडा, भैंसी, बाख्रा आदि) को निषेधबाट हुन्छ । यसरी नेपाली भाषा शिक्षणमा यस्ता थुप्रै वस्तुबोधक शब्दहरू उस्तै गुण भएका अन्य वस्तुबाट निषेध गरेर बोध गर्न अभ्यास गराउन सकिन्छ । अभिहितान्वयवाद र अन्विताभिधानवादलाई आधार बनाएर बालबालिकाहरूलाई वाक्यगठनको अवधारणा बसाल्न सकिन्छ । विभिन्न प्रसङ्गबाट शब्दलाई वाक्यमा प्रयोग गरी शब्दको अर्थ बोध गराउन सकिन्छ । जस्तै : भाँडो ल्याऊ; भाँडो राख; भाँडो सफा गर । जस्ता वाक्यहरूको प्रयो गबाट 'भाँडो' शब्दको अर्थबोध गराउन सकिन्छ ।

अतः पूर्वीय अर्थ चिन्तनबाट उच्चारण, वाक्यगठन, शब्दार्थ शिक्षणमा सहयोग प्राप्त भएको छ । सन्दर्भअनुसार वाक्यको अर्थ लगाउन सक्ने क्षमताको विकास हुनु पनि पूर्वीय अर्थ चिन्तनको योगदान हो ।

**निष्कर्ष**

संस्कृत परम्पराबाट विकसित भाषिक दर्शनको आलोकमा पूर्वीय अर्थ चिन्तनको विकास भएको हो । भाषामा चिन्तन मननको सुरूवात पश्चिमको तुलनामा पूर्वमा पहिले नै भएको हो । शब्द र त्यसले दिने अर्थका बीच नित्य सम्बन्ध छ कि दुबैका बीच रहने सम्बन्ध अनित्य छ भन्ने विषयमा पूर्वीय आचार्यहरूका बीच थुप्रै विमर्शहरू भएका छन् । संस्कृत साहित्यकारहरू, वैयाकरणहरू र मीमांसकहरू शब्द र अर्थबीचको सम्बन्धलाई नित्य रहेको वहस गर्दछन् भने नैयायिकहरू, वैशेषिकहरू यी दुबैबीचको अनित्य सम्बन्धको पक्षमा रहेका छन् । स्फोटदर्शनअनुसार शब्द र अर्थबीच नित्य सम्बन्ध रहेको छ । स्फोट सत्य एवम् अविनाशी हुन्छ भने वर्ण, पद, वाक्य असत्य एवम् क्षणभङ्गुर हुन्छन् । वेदान्त दर्शनमा आधारित स्फोटदर्शनअनुसार सम्पूर्ण जगत्का क्रियाकलापहरू शब्दब्रह्ममा अडिनुका साथै सबै ज्ञानहरू शब्दभित्रै एकाकार भएका छन् । आसत्ति, योग्यता, आकाङ्क्षा र तात्पर्य जस्ता चार कारणहरूबाट शाब्दबोध हुन्छ । शब्दको अर्थ बुद्धिस्थ वा मानसिक प्रक्रियाबाट बोध हुन्छ । श्रोताले पहिले नै दिमागमा स्थापना गरेको ज्ञानका आधारमा नयाँ उच्चरित शब्दको अर्थ ग्रहण गर्दछ । अपो हवादी दर्शनका अनुसार शब्दको अर्थ निषेधात्मक हुन्छ । अन्य शब्दसँग उच्चार्य शब्दलाई निषेध गरेर मात्र अर्थबोध गर्न सकिन्छ भन्ने मान्यता अपोहवादीहरूको हो । अन्विताभिधानवादले पदहरूको स्वतन्त्र सत्ताको विरुद्धमा पदहरूबाट निर्मित वाक्यको स्वतन्त्र सत्ताको कल्पना गर्दछ भने अभिहितान्वयवादले पदहरूको समष्टिगत वाक्यको स्वतन्त्र सत्ता हुन्छ भन्ने मान्यताराख्दछ । पूर्वीय अर्थचिन्तनलाई नेपाली भाषा शिक्षणमा उपयोग गरेर सहज र व्यावहारिक शिक्षण गर्न सकिन्छ । संस्कृत परम्परामा शब्दार्थ सम्बन्धमा भए गरेका दार्शनिक चिन्तन मननहरू भाषा शिक्षणका साधक बनाई बाल बालिकाहरूको रूचि, चाहना र आवश्यकताअनुसार नेपाली भाषा शिक्षण गर्न सकिन्छ । यसले नेपाली भाषा शिक्षणमा सकारात्मक प्रभाव पारिरहेको छ ।

**सन्दर्भ सामग्री**

आचार्य, व्रतराज (२०७२). पूर्वीय तथा पाश्चात्य भाषिक चिन्तन. काठमाडौँ : रत्न पुस्तक भण्डार ।

न्यौपाने, टङ्कप्रसाद र पराजुली, दीपक (२०६९). पूर्वीय भाषिक चिन्तन परम्परा. काठमाडौँ : कन्काई एजुकेसनल पब्लिकेसन एन्ड रिसर्च सेन्टर प्रा.लि. ।

न्यौपाने, टङ्कप्रसाद (२०५१). भाषाविज्ञानको रूपरेखा. धरान : नेपाल बुक डिपो ।

न्यौपाने, टङ्कप्रसाद, भण्डारी, पारसमणि र न्यौपाने, दीपक (२०६७). भाषाविज्ञानका प्रमुख सिद्धान्त. काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

न्यौपाने, भुवन (२०६६, माघ). पूर्वीय भाषिक चिन्तन परम्परा. आकुञ्जन वर्ष २ अंक २ (पृ.१५६-१६७) ।

पोखरेल, केशव (२०७५). पूर्वीय भाषिक चिन्तन. मोडुल सामग्री, नेपाल खुला विश्वविद्यालय ।

बन्धु, चूडामणि (२०७०). भाषाविज्ञानका सम्प्रदाय. काठमाडौँ : एकता बुक्स डिस्ट्रिब्युटर्स प्रा.लि.